आज मिति २०८२ साल पौष ३० गते बुधबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगर प्रमुख श्री टोक बहादुर तामाङज्यूको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका नगरसभाको सञ्चालन कार्यविधि, २०७४ को दफा ३ बमोजिम निम्न पदाधिकारीहरुको उपस्थितिमा १८औं अधिवेशनको पहिलो बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | टोक बहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | विष्णुमणी नेपाल | | |
| ३ | वडाध्यक्ष | शिवप्रसाद ढकाल | | |
| ४ | वडाध्यक्ष | राजकुमार मल्ल | | |
| ५ | वडाध्यक्ष | पुरुषोत्तम बजगाईं | | |
| ६ | वडाध्यक्ष | मैते सिं तामाङ | | |
| ७ | वडाध्यक्ष | हर्क बहादुर लामा | | |
| ८ | वडाध्यक्ष | सोम प्रसाद ढकाल | | |
| ९ | वडाध्यक्ष | विष्णुप्रसाद पौडेल | | |
| १० | वडाध्यक्ष | निरञ्जन विष्ट | | |
| ११ | वडाध्यक्ष | सिताराम श्रेष्ठ | | |
| १२ | वडाध्यक्ष | कुमार तामाङ | | |
| १३ | वडाध्यक्ष | दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडाध्यक्ष | राजकुमार पराजुली | | |

| | | | | |
|---|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | सुनकुमारी तामाङ | | |
| १६ | कार्यपालिका सदस्य | रिता रोका | | |
| १७ | कार्यपालिका सदस्य | मैयादेवी तिवारी | मैया | |
| १८ | कार्यपालिका सदस्य | सविना बिसुन्के रम्तेल | | |
| १९ | कार्यपालिका सदस्य | सावित्री दमाइ | सावित्री | |
| २० | कार्यपालिका सदस्य | सुर्यबहादुर राई | | |
| २१ | कार्यपालिका सदस्य | विकास राई | | |
| २२ | कार्यपालिका सदस्य | भेषबहादुर वि.क. | | |
| २३ | नगर सभा सदस्य | सरिता दुलाल | | |
| २४ | नगर सभा सदस्य | सुन्तली वि.क. | | |
| २५ | नगर सभा सदस्य | राजकुमार बस्ताकोटी | | |
| २६ | नगर सभा सदस्य | सन्तोष ढकाल | | |
| २७ | नगर सभा सदस्य | राधिका दर्जी | राधिका | |
| २८ | नगर सभा सदस्य | दिनेश घोरासाइने | | |
| २९ | नगर सभा सदस्य | राजेन्द्र तामाङ | | |
| ३० | नगर सभा सदस्य | होइसाल तामाङ | | |
| ३१ | नगर सभा सदस्य | गीता दमाई | | |
| ३२ | नगर सभा सदस्य | राजेन्द्र तामाङ | | |
| ३३ | नगर सभा सदस्य | विमला आचार्य | बिमला. | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | नगर सभा सदस्य | सरस्वती विश्वकर्मा | | |
| ३५ | नगर सभा सदस्य | हिरा बहादुर तामाङ | | |
| ३६ | नगर सभा सदस्य | नन्दप्रसाद बजगाईं | | |
| ३७ | नगर सभा सदस्य | संगीता दाहाल ढकाल | | |
| ३८ | नगर सभा सदस्य | सुहना नेपाली भुसाल | | |
| ३९ | नगर सभा सदस्य | अर्जुन प्रसाद चौलागाई | | |
| ४० | नगर सभा सदस्य | मोदनाथ डोटेल | | |
| ४१ | नगर सभा सदस्य | राधिका दुलाल | | |
| ४२ | नगर सभा सदस्य | महेन्द्र श्रेष्ठ | | |
| ४३ | नगर सभा सदस्य | लालकाजी राई | | |
| ४४ | नगर सभा सदस्य | अप्सरा दुलाल | | |
| ४५ | नगर सभा सदस्य | तेजकुमारी नेपाली | | |
| ४६ | नगर सभा सदस्य | बुद्दीमान श्रेष्ठ | | |
| ४७ | नगर सभा सदस्य | सानुकान्छा राई दनुवार | | |
| ४८ | नगर सभा सदस्य | गीता विश्वकर्मा | | |
| ४९ | नगर सभा सदस्य | गोविन्द प्रसाद नेपाल | | |
| ५० | नगर सभा सदस्य | बालकृष्ण राई | | |
| ५१ | नगर सभा सदस्य | टेक बहादुर तामाङ | | |
| ५२ | नगर सभा सदस्य | विष्णुप्रसाद नेपाल | | |

| | | | | |
|---|---|---|---|---|
| ५३ | नगर सभा सदस्य | पार्वती नेपाल | पार्वती | |
| ५४ | नगर सभा सदस्य | कल्पना नेपाली | कल्पना | |
| ५५ | नगर सभा सदस्य | राजकुमार माझी | | |
| ५६ | नगर सभा सदस्य | चुनकुमार श्रेष्ठ | | |
| ५७ | नगर सभा सदस्य | कविता श्रेष्ठ | कविता | |
| ५८ | नगर सभा सदस्य | नवराज पराजुली | | |
| ५९ | नगर सभा सदस्य | भीमबहादुर तामाङ | | |
| ६० | नगर सभा सदस्य | इन्दिरा पराजुली | इन्धीरा | |
| ६१ | नगर सभा सदस्य | प्रमिला रोक्का नेपाली | | |
| ६२ | नगर सभा सदस्य | दिपेश ठकुरी | Dipesh | |
| ६३ | नगर सभा सदस्य | नवराज प्रसाद पराजुली | | |
| ६४ | सदस्य-सचिव | अमृत प्रसाद घिताल | | |

# मण्डनदेउपुर नगरपालिका

# नगरसभाको १८औं अधिवेशन, २०८२

## पहिलो बैठकको कार्यसूची

अध्यक्षताः श्री टोकबहादुर वाईबा

मितिः २०८२ पौष ३० गते　　　　　　　　　　　　　　　　　　　　　स्थानः नगरसभा हल

| समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १२:३० बजे देखि<br>१२:३२ बजे सम्म | राष्ट्रिय गान | | |
| १२:३२ बजे देखि<br>१२:३५ बजे सम्म | सहिदप्रति मौन धारण | सभाध्यक्ष | |
| १२:३५ बजे देखि<br>१२:४५ बजे सम्म | प्रतिवेदन प्रस्तुतिकरणः न्यायिक समितिको अर्धवार्षिक प्रतिवेदन २०८२/०८३ | नगर उप-प्रमुख | |
| १२:४५ बजे देखि<br>१२:५५ बजे सम्म | ऐन, नियम तथा कार्यविधि पेश/संशोधनः<br>• विनियोजन ऐन, २०८२ को पहिलो संशोधन विधेयक, २०८२ (बजेट तथा कार्यक्रम/योजना संशोधन तथा स्रोत व्यवस्थापन)<br>• मण्डनदेउपुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व सम्बनधी विधेयक, २०८२<br>• मण्डनदेउपुर नगरपालिकाको प्रशासनिक खर्च (व्यवस्थापन) कार्यविधि, २०८२<br>• मण्डनदेउपुर नगरपालिकाको शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड, २०७४ को पहिलो संशोधन मापदण्ड २०८२ | विधायन समितिका संयोजक | |
| १२:५५ बजे देखि<br>१३:४० बजे सम्म | प्रगति प्रतिवेदन प्रस्तुतिकरण<br>• आ.व. २०८१/०८२ को यथार्थ प्रगती प्रतिवेदन तथा चालु आ.व.२०८२/०८३ को समिक्षा अवधिको आर्थिक प्रतिवेदन<br>• लेखापरिक्षण प्रतिवेदन तथा बेरुजु सम्परिक्षण प्रस्तावना | लेखा अधिकृत | |
| १३:४० बजे देखि<br>१३:५० बजे सम्म | विभिन्न नीतिगत प्रस्तावहरु पेशः<br>• इन्द्रावती नदी क्षेत्रबाट संकलन तथा विक्रि हुने नदीजन्य पदार्थ (दहत्तर बहत्तर) को संकलन तथा विक्रि वितरणबाट प्राप्त आम्दानी/राजश्वको बाँडफाँड सम्बन्धमा<br>• अन्य विविध प्रस्तावहरु | सभाध्यक्ष | |
| १३:५० बजे देखि<br>१४:३० बजे सम्म | माथी पेश भएका कार्यसूची वा प्रस्तावना उपर छलफल तथा प्रस्तावनाहरु निर्णयार्थ पेश | सभाध्यक्ष तथा नगर सभा सदस्यहरु | |
| १४:३० बजे | नगरसभाको १८औं अधिवेशन समापन | सभाध्यक्ष | |

टोकबहादुर वाईबा
नगर प्रमुख

## नगरसभाको १८औं अधिवेशन, पहिलो बैठकका निर्णयहरु

१. नगर उप-प्रमुख श्री विष्णुमणी नेपालले नगरसभाको १८औं अधिवेशनको बैठकमा पेश गर्नुभएको न्यायिक समितिको चालु आ.व. २०८२/०८३ को समिक्षा अवधिको प्रतिवेदन उपर छलफल गरि अनुमोदन गरियो।

२. नगरकार्यपालिकाको मिति २०८२/०९/२४ को बैठकको निर्णयले सिफारिस गरे बमोजिम नगरसभाको १८औं अधिवेशनमा विधायन समितिका संयोजक श्री दिपेन्द्र लामा तामाङले पेश गर्नुभएको देहायका विधेयक तथा कार्यविधिहरु उपर दफावार छलफल गरि संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

- विनियोजन ऐन, २०८२ को पहिलो संशोधन विधेयक, २०८२ (बजेट तथा कार्यक्रम/योजना संशोधन) (निर्णय अनुसूची-१ मा संलग्न)
- मण्डनदेउपुर नगरपालिकाको आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व सम्बन्धि विधेयक, २०८२
- मण्डनदेउपुर नगरपालिकाको प्रशासनिक खर्च (व्यवस्थापन) कार्यविधि, २०८२
- मण्डनदेउपुर नगरपालिकाको शहरी योजना तथा भवन निर्माण सम्बन्धि मापदण्ड, २०७४ को निर्णय अनुसूची-२ मा संलग्न मापद्रण्ड अनुसार संशोधन गर्ने

३. नगरसभाको १८औं अधिवेशनमा सार्वजनिक लेखा समितिको तर्फबाट लेखा अधिकृत श्री पुष्पराज बजगाईले पेश गर्नुभएको देहायका प्रतिवेदन तथा प्रस्तावनाहरु उपर छलफल पश्चात स्वीकृत गर्ने निर्णय गरियो।

- आ.व. २०८१/०८२ को यथार्थ आय व्यय सहितको आर्थिक प्रतिवेदन (निर्णय अनुसूची-३ मा संलग्न)
- आ.व. २०८२/०८३ को समिक्षा अवधिको आर्थिक प्रतिवेदन (निर्णय अनुसूची-४ मा संलग्न)

४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८९ बमोजिम नियमित गरी बेरुजु फर्फ्योट तथा फरफारक गर्ने सम्बन्धमा निर्णय अनुसूची-५ मा संलग्न बेरुजु विवरण प्रचलित कानून बमोजिम पुऱ्याउनुपर्ने रित नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएकोले उक्त प्रकृतिका बेरुजु नियमित गर्ने निर्णय गरियो। साथै, नियमित गरिएका बेरुजु सम्परिक्षणका लागि महालेखा परिक्षक समक्ष पेश गर्ने निर्णय गरियो।

५. मण्डनदेउपुर नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८२/०९/२३ को बैठकको सिफारिस तथा नगरकार्यपालिकाको मिति २०८२/०९/२४ को बैठकको निर्णय बमोजिम आ.व. २०८२/०८३

को आर्थिक ऐन, २०८२ मा समावेश नभएका देहायका कार्यको तपसिल अनुसार सेवा शुल्क तथा जरिवाना दस्तुर निर्धारण गर्ने निर्णय गरियो।

- आयुर्वेद सेवा अन्तर्गत स्वदेन (एकाङ्ग) सेवाको सेवा शुल्क रु.१००/- (प्रति व्यक्ति प्रति पटक), स्वदेन (सर्वाङ्ग) सेवाको सेवा शुल्क रु.३००/- (प्रति व्यक्ति प्रति पटक), ग्रीवावस्ती सेवाको सेवा शुल्क रु.३००/- (प्रति व्यक्ति प्रति पटक), शिरोधारा सेवाको सेवा शुल्क रु.३००/- (प्रति व्यक्ति प्रति पटक) तथा पिण्ड स्वेद सेवाको सेवा शुल्क रु.३००/- (प्रति व्यक्ति प्रति पटक)।
- मालवाहक सवारीमा क्षमता भन्दा बढी वा/तथा पानी सहितको चिसो निर्माण सामग्री लोड गर्ने क्रसर, वासिङ उद्योग तथा ठेकदार कम्पनिलाइ आ.व. २०८२/०८३ को आर्थिक ऐन, २०८२ मा तोकिएको *पक्कि सडकमा नदीजन्य पदार्थ ढुवानी गर्दा पानी चुहावट गरेमा वा क्षमताभन्दा बढि ढुवानी गर्ने सवारी साधनलाई तोकिएको जरिवाना दस्तुर* बराबर जरिवाना दस्तुर कायम गर्ने निर्णय गरियो।

६. मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/०९/२४ को बैठकले प्रस्ताव गरेका देहायका योजना तथा कार्यक्रमहरुको लागि बजेट व्यवस्थापन गर्ने तथा नगरसभाको १७औं अधिवेशनबाट पारित तपसिलका योजना तथा कार्यक्रमहरु संशोधन गरी तपसिलका योजनाहरुमा बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

- क. नयाँ प्रस्तावित योजना तथा कार्यक्रमहरु

| क्र.सं | योजनाको नाम | ठेगाना | बजेट रकम रु. | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५०-५० प्रतिशत लागत साझेदारीमा समाज सेवा समूहमा शौचालय निर्माण | वडा नं. ७ | १,५०,०००/- | आन्तरिक आय | समाज सेवाको तर्फबाट रु.१,५०,०००/- |
| २ | कोदारी सामूदायिक भवनमा शौचालय निर्माण | वडा नं. ६ | ३,५०,०००/- | आन्तरिक आय | |
| ३ | ३०-७० प्रतिशत लागत साझेदारीमा नगरहोप आधारभुत विद्यालय भवनको तल्ला थप तथा घेराबार | वडा नं. २ | १४,७०,०००/- | आन्तरिक आय | विद्यालयको तर्फबाट ३४,३०,०००/- |
| ४ | नगरपालिका क्षेत्रको जग्गा वर्गिकरण | नगरस्तरिय | २०,००,०००/- | आन्तरिक आय | |
| ५ | रेयूकाई एईको मासुनागा आँखा अस्पतालसँग समन्वयमा जेष्ठ | नगरस्तरिय | २,६५,०००/- | आन्तरिक आय | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नागरिकहरुका लागि मोतियाविन्दु स्क्रिनिङ शिविर | | | | |
| ६ | चौथनटोल खोल्सी नियन्त्रण | वडा नं.३ | २,००,०००/- | आन्तरिक आय | |
| ७ | जोगीटार पाटी गुठीको लागि अपुग बजेट | वडा नं.१० | २,८०,०००/- | आन्तरिक आय | |
| ८ | नागरिक आरोग्य केन्द्रका लागि औषधि खरिद | नगरस्तरिय | २,५०,०००/- | आन्तरिक आय | |
| ९ | ६०-४० साझेदारीमा महिला समूह भवन निर्माण | वडा नं. ९ | ६,००,०००/- | आन्तरिक आय | महिला समूहको तर्फबाट ४,००,०००/- |
| १० | सेवा निवृत्त महिला स्वास्थ्य स्वयमसेविकाको थप सुविधा | नगरस्तरिय | ७,००,०००/- | आन्तरिक आय | |
| ११ | नगर आधारभुत अस्पताल परिसरमा संविधानसभा सदस्य स्व. विदुर सापकोटाको सालिक निर्माण | वडा नं. ७ | १०,००,०००/- | आन्तरिक आय | |
| १२ | वडा नं. ९ को वडा कार्यालय मर्मत तथा व्यवस्थापन | वडा नं. ९ | १०,००,०००/- | आन्तरिक आय | |
| १३ | समुदायमा आधारित एक वडा एक कृषि उत्पादन (सिताके च्याउ) कार्यक्रमको लागि नगरपालिकाको साझेदारी (लागत अनुमानको २० प्रतिशत) | वडा नं. ३ | १२,००,०००/- | आन्तरिक आय | बागमती प्रदेशको तर्फबाट ६०% र समुदायको तर्फबाट २०% लागत साझेदारी |
| १४ | उत्कृष्ट वडा प्रोत्साहन कार्यक्रम | नगरस्तरीय | ५,००,०००/- | आन्तरिक आय | |
| १५ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको साझेदारीमा विद्युतीय चुलो वितरणका लागि नगरपालिकाको साझेदारी रकम | नगरस्तरीय | १८,००,०००/- | आन्तरिक आय | |
| १६ | साठिकुरिया लेकटोल कृषि सडक मर्मत | वडा नं. २ | ५,००,०००/- | आन्तरिक आय | |
| १७ | चित्ते पसलडाँडाँ सडक तथा पहिरो नियन्त्रण | वडा नं. २ | १०,००,०००/- | आन्तरिक आय | |

टोक बहादुर वाईबा
नगर प्रमुख

## ख. योजना तथा कार्यक्रम संशोधन

| क्र.सं | साविक योजना तथा कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट रकम रु. | संशोधित योजनाको नाम | ठेगाना | विनियोजित बजेट रकम रु. |
|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालयसँगको साझेदारीमा ब्रम्हकुमारी राजयोग सेवा केन्द्र भवन कम्पाउण्ड घेराबारा | मण्डनदेउपुर-७ | ५,००,०००/- | वडा कार्यालयसँगको साझेदारीमा ब्रम्हकुमारी राजयोग सेवा केन्द्र भवन कम्पाउण्ड घेराबारा | मण्डनदेउपुर-५ | ५,००,०००/- |
| २ | विभिन्न योजना तथा कार्यक्रमका लागि साझेदारी | नगरस्तरीय | २,००,००,०००/- | विभिन्न योजना तथा कार्यक्रमका लागि साझेदारी | नगरस्तरीय | ४९,३५,०००/- |
| ३ | सार्वजनिक सडकमा परेका जग्गाको नापी लगत कट्टा तथा अमिन नाप नक्सा | नगरस्तरीय | १०,००,०००/- | सार्वजनिक सडकमा परेका जग्गाको नापी लगत कट्टा तथा अमिन नाप नक्सा तथा नगरकोट क्षेत्रमा सार्वजनिक जग्गा सिमांकन/रेखाकंन | नगरस्तरीय | १०,००,०००/- |
| ४ | वन वातावरण तथा फोहोरमैला व्यवस्थापन | नगरस्तरिय | १०,००,०००/- | वन वातावरण तथा फोहोरमैला व्यवस्थापन | नगरस्तरिय | ३,००,०००/- |
| ५ | गिरिधरे चुरिथुम्का सडक खण्डको गिरिधरे खोल्सी कल्भर्ट निर्माण | मण्डनदेउपुर-१ | १५,००,०००/- | गिरिधरे चुरिथुम्का सडक खण्डको गिरिधरे खोल्सी कल्भर्ट निर्माण | मण्डनदेउपुर-१ | २५,००,०००/- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | सिमखेत सिङ्गे चित्ते मेसागाउ सडकको चित्ते खोला कल्भर्ट निर्माण वडा नं २ र ४ | नगरस्तरिय | २०,००,०००/- | सिमखेत सिङ्गे चित्ते मेसागाउ सडकको चित्ते खोला कल्भर्ट निर्माण वडा नं २ र ४ | नगरस्तरिय | ३५,००,०००/- |

साथै, नगरसभाको १७औं अधिवेशनबाट पारित नीति तथा कार्यक्रम र योजनाहरुको आवश्यकता अनुसार संशोधन, रकमान्तर तथा स्रोतान्तर गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

७. वडा नं. ६ को वडा कार्यालय भवनमा तल्ला थप गर्न चालु आ.व.मा वडाबाट आठ लाख बजेट व्यवस्थापन भएकोमा उक्त योजनालाई बहुवर्षिय योजना बनाई नपुग बजेट आगामी वर्षको बजेटमा वडा र नगरपालिकाको ५०/५० प्रतिशत लागत साझेदारी रहने गरी सुनिश्चित गर्ने गरी खरिद प्रक्रिया अगाडी बढाउन अनुमती दिने निर्णय गरियो।

८. नगरपालिका र वडाको ५०/५० प्रतिशत लागत साझेदारीमा वडा नं. १२ को वडा कार्यालय भवन निर्माण योजनालाई बहुवर्षिय योजना बनाई अपुग बजेट आगामी वर्षको बजेटमा सुनिश्चित गर्ने गरी खरिद प्रक्रिया अगाडी बढाउन अनुमती दिने निर्णय गरियो।

९. वडा नं. ३ को स्वास्थ्य चौकी भवन निर्माणको लागि जग्गा प्राप्ती भएपश्चात आगामी आ.व.मा अपुग बजेट सुनिश्चित हुने गरी उल्लिखित योजनालाई वडा कार्यालयसँगको लागत साझेदारीमा बहुवर्षिय योजनाका रुपमा खरिद प्रक्रिया अगाडी बढाउन अनुमती दिने निर्णय गरियो।

१०. मण्डनदेउपुर नगरपालिका क्षेत्रका इन्द्रावती नदी, चाखोला-आँशीखोला, ढाँडखोला-थारखोला नदि क्षेत्रबाट संकलन तथा विक्रि हुने नदीजन्य पदार्थको संकलन तथा विक्रि वितरणबाट प्राप्त आम्दानी यस अघि स्थानीय विभाज्य कोष खातामा जम्मा गरी प्रदेश सरकार र मण्डनदेउपुर नगरपालिकाबिच बाँडफाँड गर्ने गरिएकोमा चालु आर्थिक वर्षदेखी नदीजन्य पदार्थको संकलन तथा विक्रि वितरणबाट प्राप्त आम्दानी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क बमोजिम मण्डनदेउपुर नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्ने निर्णय गरियो। साथै, मण्डनदेउपुर नगरपालिका, नगरसभाको १७औं अधिवेशनबाट पारित आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रममा आन्तरिक स्रोत मार्फत खर्च गर्ने गरि स्रोत सुनिश्चित गरिएका योजना तथा कार्यक्रमको भुक्तानी गर्न आन्तरिक स्रोत अपुग हुने भएकोले स्थानीय राजश्व बाँडफाँडमा प्राप्त स्रोतबाट स्रोतान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो।

११. नगरसभाको १७औं अधिवेशन देखि नगरसभाको १८औं अधिवेशन बिचको अवधिमा प्रमुख प्रशासकीय अधिकृत, नगर उप-प्रमुख, नगर प्रमुखस्तरीय निर्णय तथा नगर कार्यपालिकाको विभिन्न बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

१२. मण्डनदेउपुर नगरपालिका वडा नं. ७ मा रहेको कुन्ता समाजसेवा-नौविसे-पौवाटार सडकलाई विदुर सापकोटा स्मृति मार्ग नामाकरण गर्ने निर्णय गरियो।

१३. नगरसभाको १८औं अधिवेशन सम्पन्न गर्न कार्यालय समयका अतिरिक्त बिहान बेलुका तथा विदाको समयमा काम गर्ने कर्मचारीहरुलाई खाइपाइ आएको तलबको ७० प्रतिशत अतिरिक्त पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो।

१४. नगर सभाको १८औं अधिवेशन बैठक आजकै मितिदेखी अन्त्य गर्ने निर्णय गरियो।